# बैंक तथा वित्तीय संस्था संस्थापना सम्बन्धी निवेदन दर्ता स्थगित गरिएको सूचना

यस बैंकद्वारा जारी विद्यमान बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रक्रियागत व्यवस्था: २०६३ मा पुनरावलोकन गर्न आवश्यक देखिएकोले यस सम्बन्धमा अध्ययन गरी प्रतिवेदन प्राप्त नभएसम्मको लागि हाललाई बैंक तथा वित्तीय संस्था संस्थापनाको नयाँ निवेदन दर्ता गर्ने कार्य स्थगित गरिएको छ । तर, चालु आर्थिक वर्षको मौद्रिक नीतिमा व्यवस्था भए बमोजिम "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्गमा कर्जा प्रवाह गर्ने प्रयोजनको लागि आफ्नो सहायक कम्पनीको रुपमा छुट्टै "घ" वर्गको लघु वित्त संस्था संस्थापनाको लागि निवेदन दिएमा त्यस्तो निवेदनको हकमा भने नियमानुसार कारवाही अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बैंक तथा वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्रको लागि यस अघि नै निवेदन दिएका मध्ये चुक्ता पूँजीको ५ प्रतिशत रकम जम्मा गरी सार्वजनिक सूचना प्रकाशित भैसकेका हकमा बाँकी कारवाही प्रक्रिया अगाडि बढाइने छ भने निवेदन दस्तुर सहित आवेदन मात्र पेश गरेकाको हकमा प्रस्तावित बैंक तथा वित्तीय संस्थाहरुले यस्तो निवेदन दस्तुर फिर्ता माग गरेमा उक्त रकम फिर्ता गरी निवेदन रद्द गर्ने व्यवस्था गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग